# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बर्दघाट, नवलपरासी (ब.सु.प)
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या:-२०८२/८३
च.नं.

मिति:-२०८३।०१।२२

## अतिक्रमित सार्वजनिक सरकारी जग्गा खाली गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४१२ मिति २०८३।०१।१७ गतेको पत्र, नेपाल सरकार गृह मन्त्रालयको च.नं. ६३७ मिति २०८३।०१।१६ गतेको सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने/गराउने सम्बन्धमा गरेको परिपत्र एवम् नेपाल गण्डक पश्चिम नहर सिँचाई व्यवस्थापन कार्यालय, सेमरी, नवलपरासी (ब.सु.प.) को मिति २०८३।०१।१५ गतेको सूचना समेतका अनुसार यस बर्दघाट नगरपालिकाको वडा नं. १ देखि १६ नं. वडा क्षेत्रभित्र रहेको सार्वजनिक सरकारी जग्गाहरु विभिन्न व्यक्तिहरुले अनधिकृत रुपमा अवैध कब्जा गरी घर टहरा कम्पाउन्डवाल वा अन्य संरचना निर्माण तथा खेति, व्यापार गरेको उजुरी पाइएको छ ।

सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने सरकारको नीति तथा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२।१२।१३ गतेको बैठक बाट स्वीकृत शासकीय सुधार सम्बन्दी एक सय बुँदे कार्य सुचीको बुँदा नं. ९२ मा सार्वजनिक जग्गा संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्न डिजिटल अभिलेख तयार गर्ने, निगरानी प्रणाली सुदृढ गर्ने तथा अवैध कब्जा हटाउने कार्य तत्काल प्रारम्भ गर्ने । नयाँ अतिक्रमणमा कडाइका साथ रोक लगाउने र अवैध कब्जा हटाउनु पर्ने भएको हुँदा त्यस्ता अवैध रुपमा बनाइएका संरचना घर टहराहरु अति शीघ्र हटाई नेपाल सरकारको निर्णय कार्यान्वयनमा गर्न/गराउन आवश्यक सहयोग गरिदिनुहुन सबै सरोकारवालाहरुमा अनुरोध छ ।

२०८३।०१।२२

शम्भुलाल श्रेष्ठ
(नगर प्रमुख)

शम्भुलाल श्रेष्ठ
नगर प्रमुख